सूचनाको हक सम्बन्धी ऐन,२०६४ को दफा ५ को उपदफा (३) तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गर्नुपर्ने विवरण

(२०८० साल साउन देखि असोज मसान्तसम्म।)

# कर्णाली प्रदेश सरकार
# आर्थिक मामिला तथा योजना मन्त्रालय,
# वीरेन्द्रनगर, सुर्खेत।

## १. मन्त्रालयको परिचयः

नेपालको संविधानको भाग १३ मा प्रदेश कार्यपालिकाको व्यवस्था भएको र सोही संवैधानिक व्यवस्था बमोजिम प्रदेशको समग्र आर्थिक अवस्थाको विश्लेषण, आर्थिक नीति तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन तथा नियमन र आर्थिक स्रोतको बाँडफाँट गर्न मिति २०७४ साल फाल्गुन ३ गते आर्थिक मामिला तथा योजना मन्त्रालयको गठन भई कार्यारम्भ गरेको छ।

प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन, प्रदेशस्तरको आर्थिक स्रोतको बाँडफाँट, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन तथा प्रदेश राजश्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, कार्यान्वयन र नियमन गर्ने दायित्व आर्थिक मामिला तथा योजना मन्त्रालयमा रहेको छ। प्रदेशस्तरको आर्थिक स्थायित्व र मुल्य स्थिरता सम्बन्धी नीति तर्जुमा र नियमन प्रदेश विनियोजन ऐन तथा प्रदेशको बजेट तर्जुमा, कार्यान्वयन, नियमन र आर्थिक अनुशासन, प्रदेशको सार्वजनिक खर्च व्यवस्थापन तथा प्रदेशस्तरीय अर्थ, योजना, बजेट, वित्तीय संस्थाहरु संचालन व्यवस्थापन सम्बन्धी कार्यको लागि यो मन्त्रालय स्थापना भएको हो। प्रदेशको सार्वजनिक खर्च सम्बन्धी नीतिको तर्जुमा, कार्यान्वयन र नियमन तथा स्थानीय तह अनुदान र संघीय नीति अनुरुप सह-वित्तीयकरणको जिम्मेवारी समेत यसै मन्त्रालयको रहेको छ।

## २. मन्त्रालयको कार्य जिम्मेवारी :

आर्थिक मामिला तथा योजना मन्त्रालयकोकार्य जिम्मेवारीकर्णाली प्रदेश सरकार कार्य विभाजन नियमावली २०७४ बमोजिम निर्दिष्ट गरिएका कार्यहरुः

| क्र.सं. | कार्य जिम्मेवारी |
|---|---|
| १ | प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन |
| २ | प्रदेशस्तरको आर्थिक स्रोतको बाँडफाँट, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन |
| ३ | प्रदेशस्तरको आर्थिक स्थायित्व र मूल्य स्थिरता सम्बन्धी नीति तर्जुमा, कार्यान्वयन र नियमन |
| ४ | सङ्घको स्वीकृतिमा वैदेशिक सहयोग, वैदेशिक ऋण र अनुदान प्राप्ति, उपयोग,लेखाङ्कन र प्रतिवेदन |
| ५ | प्रदेशस्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी रकमको लागत तथा असुल उपर |
| ६ | प्रदेशस्तरीय विकास नीति, प्राथमिकता, आवधिक तथा क्षेत्रगत योजना र वार्षिक विकास कार्यक्रमको तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन |
| ७ | राष्ट्रिय तथा अन्तर प्रदेश विकास योजनाको समन्वय र सशर्त अनुदानको सदुपयोग |
| ८ | प्रदेश राजस्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, कार्यान्वयन र नियमन |
| ९ | प्रदेश सार्वजनिक खर्च सम्बन्धी नीतिको तर्जुमा, कार्यान्वयन र नियमन तथा स्थानीय तह अनुदान |
| १० | सङ्घीय नीति अनुरुप सह-वित्तीयकरण |
| ११ | प्रदेश आर्थिक कार्यविधि सम्बन्धी नीति तथा कानूनको निर्माण, कार्यान्वयन र नियमन |

का.मु. प्रदेश सचिव

कर्णाली प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत

| | |
|---|---|
| १२ | प्रदेश विनियोजन ऐन तथा प्रदेशको बजेट तर्जुमा, कार्यान्वयन, नियमन र आर्थिक अनुशासन |
| १३ | प्रदेश सञ्चित कोषको सञ्चालन तथा व्यवस्थापन र प्रदेश लेखा नियन्त्रण एवम् व्यवस्थापन |
| १४ | प्रदेश पूरक अनुमान तथा पेश्की खर्च र प्रदेश आकस्मिक कोष सम्बन्धी |
| १५ | प्रदेश सरकारी लगानी र लाभांशको लेखा व्यवस्थापन |
| १६ | प्रदेशगत विनियोजन, राजस्व, धरौटी, कार्य सञ्चालन कोष र अन्य सरकारी कोष तथा सम्पत्तिको एकीकृत विवरण र लेखा परीक्षण |
| १७ | घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर बाँडफाँट तथा पर्यटन शुल्क, कृषि आयमा कर, सेवा शुल्क, दस्तुर र दण्ड जरिवाना सङ्कलन र उपयोगसम्बन्धी नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन |
| १८ | सङ्घीय कानून अनुसार प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी र शुल्क सङ्कलन, नियमन र हस्तान्तरण |
| १९ | राजस्व चुहावट नियन्त्रण सम्बन्धी प्रादेशिक नीति,कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |
| २० | सङ्घसँगको अन्तर सरकारी वित्तीय सम्पर्क, सम्बन्ध र सहकार्य |
| २१ | तथ्याङ्क, सूचना प्रणाली तथा अभिलेख व्यवस्थापन सम्बन्धमा प्रादेशिक नीति,कानून, मापदण्ड एवम् योजना तर्जुमा, कार्यान्वयन र नियमन तथा सङ्घ र स्थानीय तहसँग सहयोग, समन्वय र सहकार्य |
| २२ | बीमा र बीमा व्यावसायको सञ्चालन, व्यवस्थापन, प्रवर्द्धन तथा विस्तार र नियमन |
| २३ | प्रदेश स्तरका सार्वजनिक संस्थान, वित्तीय संस्था, समिति, प्रतिष्ठान तथा कम्पनी आदिको सञ्चालन, व्यवस्थापन, सुधार र नियमन |
| २४ | आर्थिक विकासमा निजी, सहकारी तथा गैर सरकारी क्षेत्रसँगको समन्वय र सहकार्य |


का.मु. प्रदेश सचिव

कर्णाली प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत

## ३. संगठन संरचना तथा स्वीकृत दरबन्दी तेरिज

### क.संगठन संरचना

**मन्त्रालयको विद्यमान संगठन संरचना**




का.मु. प्रदेश सचिव

## ख. दरबन्दी तेरिज र पदपूर्ति :

**विद्यमान दरबन्दी तेरीज**

| पदनाम | श्रेणी/तह | सेवा | समूह/उपसमूह | जम्मा दरबन्दी | पदपूर्ति | रिक्त |
|---|---|---|---|---|---|---|
| प्रदेश सचिव | रा.प. प्रथम | प्रशासन | सामान्य प्रशासन | १ | ० | १ |
| अधिकृत | ९/१० तह | प्रशासन | सामान्य प्रशासन | १ | १ | ० |
| अधिकृत | ९/१० तह | प्रशासन | राजस्व | २ | ० | २ |
| अधिकृत | ७/८ तह | प्रशासन | सामान्य प्रशासन | ५ | ४ | १ |
| अधिकृत | ७/८ तह | प्रशासन | राजस्व | २ | ० | २ |
| अधिकृत | ७/८ तह | प्रशासन | लेखा | १ | ० | १ |
| कानून अधिकृत | रा.प. तृतीय | न्याय | कानून | १ | १ | ० |
| तथ्यांक अधिकृत | ७/८ तह | आ.यो.त.त. | तथ्याङ्क | १ | १ | ० |
| कम्प्युटर इन्जिनिर | ७/८ तह | इन्जिनियर | कम्प्युटर | १ | ० | १ |
| सहायक/अधिकृत | ५/६ तह | प्रशासन | सामान्य प्रशासन | ७ | ३ | ४ |
| लेखा सहायक/अधिकृत | ५/६ तह | प्रशासन | लेखा | १ | १ | ० |
| कम्प्युटर सहायक/अधिकृत | ५/६ तह | विविध | विविध | ३ | १ | २ |
| कम्प्युटर सहायक | ४/५ तह | विविध | विविध | १ | १ | ० |
| सहायक | ४/५ तह | प्रशासन | सामान्य प्रशासन | १ | १ | ० |
| ह.स.चा. | श्रेणी विहिन | श्रेणी विहिन | श्रेणी विहिन | ४ | ४ | ० |
| कार्यालय सहयोगी | श्रेणी विहिन | श्रेणी विहिन | श्रेणी विहिन | ६ | ६ | ० |
| जम्मा | | | | ३८ | २४ | १४ |

का.मु. प्रदेश सचिव

४. मन्त्रालयबाट प्रदान गरिने सेवाः

| महाशाखा | सम्पादन गरिनेकार्यहरु |
|---|---|
| प्रशासन महाशाखा | ▪ प्रत्यायोजित अधिकार बमोजिम मन्त्रालय र मातहतका कर्मचारीको अभिलेख (विदा,का.स.मू.तालिम, विभागीय सजाय, पुरस्कार, अवकाश र काज आदि) सम्बन्धी कार्य गर्ने।<br>▪ प्रत्यायोजित अधिकार बमोजिम प्रदेशका लेखा समूहका कर्मचारीहरूको नियुक्ति, पदस्थापन, सरुवा तथा काज सम्बन्धी कार्य गर्ने।<br>▪ मन्त्रालयको आन्तरिक सुरक्षा एवम् आन्तरिक व्यवस्थापन सम्बन्धी कार्य गर्ने/गराउने।<br>▪ मन्त्रालय तथा मातहतका कार्यालयमा कार्यरत कर्मचारीहरूको कार्य विवरण, वार्षिक कार्यसम्पादन मूल्याङ्कन सम्बन्धमा आवश्यक कार्य गरी पुनरावलोकनकर्ता समक्ष पेश गर्ने।<br>▪ रिक्त पदको पदपूर्तिको लागि माग आकृति पठाउने सम्बन्धी विषयमा निर्णयका लागि पेश गर्ने।<br>▪ प्रत्यायोजित अधिकार बमोजिम जिन्सी व्यवस्थापन तथा लेखा सम्बन्धी कार्य गर्ने/गराउने।<br>▪ प्रत्यायोजित अधिकार बमोजिम सार्वजनिक खरिद ऐन, २०६३ र तत्सम्वन्धी नियमावली अनुसार सार्वजनिक खरिद व्यवस्थापन सम्बन्धमा आवश्यक सहजीकरण गर्ने/गराउने।<br>▪ प्रत्यायोजित अधिकार बमोजिम आर्थिक कारोबारसँग सम्बन्धित काम र जिम्मेवारी बहन गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ रकर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ तथातत्सम्बन्धी नियमावली बमोजिम निकासा माग गर्ने व्यवस्था मिलाउने।<br>▪ प्रत्यायोजित अधिकार बमोजिम निकासा भएको रकमको खर्चको हिसावकिताव रितपूर्वक राख्ने, खर्चको फाँटवारी तथा आर्थिक विवरण तयार गर्ने र विवरण समयमै सम्बन्धित निकायमा पठाउने तथा लेखा परिक्षण गराउने।<br>▪ लेखा परिक्षणबाट कायम हुन आएको बेरुजुको लगत राख्ने र बेरुजु फर्छ्यौटको लागि आवश्यक कार्य गर्ने/गराउने।<br>▪ मन्त्रालयसँग सम्बन्धित विधेयक तयार गर्ने/गराउने।<br>▪ विभिन्न निकायबाट राय, सुझाव माग भई आएमा आफ्नो क्षेत्राधिकार भित्रको विषयमा राय, सुझाव दिने।<br>▪ मन्त्रालयलाई विपक्षी बनाई दायर भएका मुद्दाहरूको लिखित जवाफ तथा प्रतिउत्तर |



का.मु. प्रदेश सचिव

कर्णाली प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत

| महाशाखा | सम्पादन गरिनेकार्यहरु |
| --- | --- |
| | पत्र तयार गर्ने/गराउने। |
| बजेट तथा कार्यक्रम महाशाखा | ▪ प्रत्यायोजित अधिकार बमोजिम बजेट तर्जुमाको प्रारम्भिक कार्य, बजेट सीमा (सिलिङ्ग) निर्धारण, सुझाव सङ्कलन, बजेट माग प्राप्त, छलफलमा भाग लिने, बजेटलाई अन्तिम रुप दिने सम्बन्धी कार्य।<br>▪ बजेट वक्तव्य, विनियोजन विधेयकको मस्यौदा,व्यय अनुमान विवरण तयार गर्ने।<br>▪ अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यमकालीन खर्च संरचना तयारीमा समन्वय र संविधानको धारा ५९(१) बमोजिम वार्षिक बजेट बनाउने र त्यसको कार्यान्वयन गर्ने।<br>▪ प्रत्येक आर्थिक वर्षको लागि सार्वजनिक खर्चको अनुमानित विवरण (चालु, पूँजीगत र वित्तीय व्यवस्था) तयार गर्ने।<br>▪ स्वीकृत बजेटको प्रभावकारी कार्यान्वयनमा सहयोग गर्ने तथा बजेट निकासा, रकमान्तर र स्रोतान्तर व्यवस्थापन गर्न विभिन्न क्षेत्र छुट्याउने र क्षेत्र अनुसार शाखाको व्यवस्था मिलाउने।<br>▪ संविधानको धारा २०७ को उपधारा (२) बमोजिम वार्षिक अनुमान पेश गर्दा प्रादेशिक मन्त्रालयलाई छुट्याईएको खर्चको रकम र खर्च अनुसारको लक्ष्य हाँसिल भयो/भएन त्यसको विवरण प्रदेश सभा समक्ष पेश गर्नको लागि तयार गर्ने।<br>▪ स्वीकृत बजेटको कार्यान्वयनमा सहयोग, थप निकासा, रकमान्तर, स्रोतान्तर सम्बन्धी आवश्यककार्यगर्ने,<br>▪ आवश्यकता र औचित्यको आधारमा अर्थ विविध शिर्षकबाट निकासा सम्बन्धी कार्य गर्ने।<br>▪ बजेट तर्जुमाका लागि प्रतिफल र उपलब्धि विश्लेषण गर्ने, विनियोजन दक्षता हाँसिल गर्ने, समरुपका कार्यक्रममा एकरुपता कायम गर्ने, बजेटलाई नतिजामूलक बनाउन खोज, अनुसन्धान, विश्लेषण गरी निरन्तर सुधारका लागि गुणचक्र (Quality Circle)कायम गर्ने।<br>▪ वित्तीय निक्षेपण क्षेत्रगत र विषयगत सशर्त र निशर्त अनुदान सम्बन्धी कार्य, स्थानीय स्रोत परिचालन सम्बन्धी नीति, योजना तर्जुमा गरी पेश गर्ने।<br>▪ बजेट व्यवस्थापन सम्बन्धी कार्य गर्ने।<br>▪ विभिन्न निकायबाट माग भई आएको विषयमाराय तथा परामर्श सम्बन्धमा आवश्यक कार्य गर्ने।<br>▪ सार्वजनिक सेवामा स्थायी तथा अस्थायी दरबन्दी सिर्जना गर्ने सम्बन्धमा आवश्यकता रऔचित्य हेरीआवश्यक राय दिने। |
| वित्त व्यवस्थापन तथा | ▪ आर्थिक विधेयकको मस्यौदा तर्जुमा गर्ने। |



का.मु. प्रदेश सचिव

कर्णाली प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत

| महाशाखा | सम्पादन गरिनेकार्यहरु |
|---|---|
| राजस्व महाशाखा | ▪ संविधान बमोजिम प्रदेशको अधिकार क्षेत्रभित्रको कर तथा गैरकर राजस्वको क्षेत्र तथा दर निर्धारण,वर्गीकरण र लेखाङ्कन गर्ने सम्बन्धी कार्य गर्ने,<br>▪ राजस्व सम्बन्धी विषयमा प्रदेश सरकार समक्ष स्वीकृतिको लागि प्रस्ताव तयार गरी पेश गर्ने,<br>▪ गैरकर राजस्व सम्बन्धी नीति एवम् असुली प्रक्रिया निर्धारण गर्ने र प्रदेशका विषयगत मन्त्रालयसँग गैरकर राजस्वको प्रभावकारी असुलीको लागि समन्वय गर्ने।<br>▪ आर्थिक नीति तथा योजना, राजस्व, आन्तरिक ऋण, वैदेशिक सहायता परिचालन एवम् लेखा प्रणाली सम्बन्धमा सङ्घीयनिकायसँग समन्वय गर्ने,<br>▪ राजस्व आम्दानी हुने निकायबाट मासिक आम्दानीको विवरण माग गरी अद्यावधिकगर्ने।<br>▪ प्रदेशको समष्टिगत आर्थिक अवस्थाको बारेमा प्रमुख आर्थिक परिसूचकहरूको नियमित विश्लेषण र मुल्याङ्कन गरी नीतिगत सुधारका लागि पेश गर्ने।<br>▪ नीति विश्लेषण इकाईको सम्पर्कशाखाको रुपमा कार्य गर्ने।<br>▪ उपयुक्त आर्थिक नीतिको माध्यमबाट लगानीमैत्री वातावरण सिर्जना गरी आर्थिक विकासमा निजी क्षेत्रको संलग्नताको लागि अनुकूल वातावरण तयार गर्न अध्ययन तथा विश्लेषण सम्बन्धी कार्य गरी सुझाव पेश गर्ने।<br>▪ प्रदेशस्तरीय सार्वजनिक संस्थानहरूमा लगानी र व्यवस्थापन सम्बन्धी विषयमा राय तथा सुझाव पेश गर्ने।<br>▪ प्रदेशको वित्त व्यवस्थापन प्रक्रियालाई सबलीकरण सम्बन्धी कार्य गर्ने।<br>▪ आर्थिक सर्वेक्षण तयार गर्ने।<br>▪ प्रदेशसरकारको वित्तीय स्थितिको अध्ययन विश्लेषण गरी प्रतिवेदन तयार गर्ने। |

सचिवालयहरुः

<u>मन्त्रीको निजी सचिवालयः</u>

- मन्त्रीको निजी सचिवालय, स्वकीय सचिवालय र विभिन्न शाखाहरूको कार्यमा समन्वय कायम गर्ने।
- मन्त्रीलाई कार्य सम्पादनको सिलसिलामा आवश्यक पर्ने विभिन्न प्रकारका सूचना तथा अभिलेख उपलव्ध गराउने।
- मन्त्रीको सचिवालयमा आवश्यक कम्प्यूटर, विद्युत, टेलिफोन, फर्निचर लगायतका भौतिक सुविधाहरुको सम्बन्धित शाखासंग समन्वय कायम गरी व्यवस्थापन गर्ने।

का.मु. प्रदेश सचिव

कर्णाली प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत

- मन्त्रीको विभिन्न व्यक्ति, पदाधिकारी, प्रतिनिधिहरुसँगको सम्पर्क तथा भेटघाटलाई व्यवस्थित वनाउने।
- सचिवालयको भौतिक सामाग्रीहरुको रेखदेख, संरक्षण र मर्मत सम्भार गर्ने/ गराउने।
- मन्त्रीको कार्यकक्षमा हुने बैठक तथा भेटघाटको आवश्यकता अनुसार टिपोट, माईन्यूट तयार गर्ने।
- मन्त्रीबाट भएका निर्देशन निर्णय तथा आदेशहरू कार्यान्वयनको लागि सचिव समक्ष पेश गर्ने।
- सचिवालयबाट गर्नु पर्ने पत्राचारका साथै सचिवालयको दर्ता, चलानी र अभिलेख व्यवस्थित गर्ने गराउने।
- मन्त्रीको प्रेससँगको भेटघाट कार्यक्रम आयोजना गर्न सहयोग पुऱ्याउने।
- मन्त्रीको भ्रमण कार्यक्रममा सम्बन्धित निकायसंग समन्वय गरी आवश्यक व्यवस्था मिलाउने।
- सचिवालयमा कार्यरत कर्मचारीहरूलाई काज/बिदा दिनुपर्ने भए मन्त्रीसंग समन्वय गरी काज/बिदाको लागि सिफारिस गर्ने।
- मन्त्री र कार्यालयसँगको सम्पर्क शाखाको रूपमा कार्य गर्ने
- तोकिए बमोजिमका अन्य कार्यहरु।

**सचिवको सचिवालयः**

- प्रदेश सचिवको कार्यसूची व्यवस्थित गर्न कार्यहरुको टिपोट गर्ने, अभिलेख राख्ने, प्रदेश सचिवलाई जानकारी गराउने।
- प्रदेश सचिवको निर्देशन बमोजिम जनसम्पर्कको कार्य गर्ने।
- सचिवालयमा प्राप्त कागजातहरुको अभिलेख राखी भए गरेका आदेश बमोजिम सम्बन्धित निकायमा पठाउने।
- सचिवालयले माग गरे बमोजिमको सूचना उपलब्ध गराउने।
- भेटघाट तथा अन्य कार्यक्रमहरुको समय तथा विषयमा सम्बद्ध पदाधिकारी समक्ष पेश गरी निर्देशन बमोजिम काम गर्ने।
- पदाधिकारीको तर्फबाट गरिने पत्रकार भेटघाट तथा पत्रकार सम्मेलन कार्यक्रमहरुको व्यवस्थापनका लागि सूचना केन्द्रसँग समन्वय गर्ने।
- प्रदेश सचिवको अध्यक्षतामा गठित समिति/उपसमितिहरुको बैठकहरुको उपयुक्त व्यवस्थापन गर्ने, आवश्यकता अनुसार निर्णय प्रमाणीकरण, निर्णय प्रतिलिपि तयार, बैठकका निर्णय कार्यान्वयनका लागि निर्णय उतार गरि सम्बन्धित महाशाखा/शाखा तथा निकायहरुलाई जानकारी गराउने तथा निर्णय पुस्तिकाहरुको सुरक्षा गर्ने।
- निर्णय हुनुपर्ने फाइलको अभिलेख राख्ने र निर्णय भएको फाइल सम्बन्धित महाशाखा/शाखामा पठाउने र निस्सा राख्ने ।

का.मु. प्रदेश सचिव

५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार कर्मचारी :

| क्र.सं | महाशाखा/शाखा | कर्मचारीकोनामथर | पद | मोबाइलनं | कै. |
|---|---|---|---|---|---|
| १ | प्रदेश सचिव | रिक्त | प्रदेशसचिव | | |
| २ | प्रशासन महाशाखा | दीर्घ बहादुर पोखेल | का.मु. सचिव | ९८५८०९५००० | |
| ३ | बजेट तथा कार्यक्रम महाशाखा | रिक्त | उपसचिव | | |
| ४ | वित्त व्यवस्थापन तथा राजस्व महाशाखा | रिक्त | उपसचिव | | |
| ५ | मन्त्रीको स्वकीय सचिवालय | राम कुमार शाही | प्रमुख स्वकिय सचिव | ९८५१२५४९०९ | |
| ६ | मन्त्रीको निजी सचिवालय | धर्मवीर पल्ली मगर | अ.छैटौं लेखा | ९८५८०५४२०७ | |
| ७ | बजेट तथा कार्यक्रम, वित्तीय विश्लेषण | तेजकुमार दर्लामी | तथ्यांक अधिकृत | ९८४८०७५०२४ | |
| ८ | योजना तथा अनुगमन शाखा | नन्दराम परियार | शाखा अधिकृत | ९८६३४१०५८२ | |
| ९ | कर्मचारी प्रशासन शाखा | ज्ञानुलक्ष्मी चौलागाई | शाखा अधिकृत | ९८५८०२२५४१ | |
| १० | बजेट तथा कार्यक्रम शाखा | विद्याप्रसाद उपाध्याय | शाखा अधिकृत | ९८४३७४००५५ | |
| ११ | बजेट तथा कार्यक्रम शाखा | कृष्ण प्रसाद उपाध्याय | शाखा अधिकृत | ९८५८०४९५८१ | |
| १२ | कानून तथा फैसला कार्यान्वयन शाखा | मोति प्रसाद अर्याल | कानून अधिकृत | ९८४३४४५८९९ | |
| १३ | जिन्सी व्यवस्थापन शाखा | रमेश प्रसाद पाण्डेय | अधिकृत छैटौं | ९८४८०५१६१२ | |
| १४ | बजेट तथा कार्यक्रम शाखा | नरबहादुर सलामी | अधिकृत छैटौं | ९८४८६१९५१५ | |
| १५ | आर्थिक प्रशासन शाखा | प्रकाश नेपाली | सहायक पाचौं | ९८५८०३०१९२ | |
| १६ | विकास सहायता व्यवस्थापन शाखा | गोपी प्रसाद पौडेल | सहायक पाचौं | ९८४८०४०५३४ | |
| १७ | कर्मचारी प्रशासन शाखा | नगेन्द्र प्रसाद रिजाल | सहायक पाचौं | ९८४८०१०१०३ | |
| १८ | सचिवको सचिवालय | अमिता कुमारी चन्द | सहायक चौथो | ९८४८१०८३६८ | |
| १९ | प्रशासन/दर्ता चलानी शाखा | जनक चपाई | सहायक पाचौं | ९८४८२०७७०५ | |
| २० | प्रशासन शाखा | वीरचन्द्र रोकाय | का.स. | ९८४८३०७००७ | |
| २१ | प्रशासन शाखा | जगत विसी | का.स. | ९८२२५२०६६० | |
| २२ | प्रशासन शाखा | शिवशंकर भण्डारी | ह.स.चा. | ९८४८१५६४०२ | |
| २३ | प्रशासन शाखा | थिरबहादुर रावल | ह.स.चा. | ९८४८०७७९८८ | |
| २४ | प्रशासन शाखा | नृप शाही | ह.स.चा. | ९८५८०५३०४२ | |
| २५ | प्रशासन शाखा | अनिश चौधरी | ह.स.चा. | ९८६७२६३६६९ | |
| २६ | प्रशासन शाखा | नयाराम चौधरी | का.स. | ९८६८१६७४९७ | |
| २७ | प्रशासन शाखा | खड्क के.सी. | का.स. | ९८४८११५६८३ | |
| २८ | प्रशासन शाखा | विष्णु खतिवडा | का.स. | ९८४५६६७९९८ | |
| २९ | प्रशासन शाखा | टेकराज चालिसे | का.स. | ९८४८०७७४१८ | |
| ३० | प्रशासन शाखा | कल्पना रोकाय | कूचिकार | ९८६८३२५७०६ | |

का.मु. प्रदेश सचिव

६. **सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि:**

सूचनाको हकसँग सम्बन्धित ऐन तथा नियममा भएको व्यवस्था बमोजिम गर्ने।

७. **निर्णय गर्ने प्रक्रिया र अधिकारी :**

क. कार्य संचालन प्रक्रिया :

- विषयगत मन्त्रालय/सचिवालय/आयोग/कार्यालयबाट प्राप्त पत्रहरु सचिवज्यूबाट तोक आदेश भएबमोजिम महाशाखा/शाखाहरुबाट कार्य सम्पादन सञ्चालन गर्ने ।

ख. निर्णय गर्ने अधिकारी :

- माननीय आर्थिक मामिला तथा योजना मन्त्रीस्तरबाट।
- माननीय मन्त्रीज्यूबाट अख्तियारी प्रदान भएबमोजिम सचिवबाट।
- सचिवबाट अख्तियारी प्रदान भएबमोजिम महाशाखा प्रमुखबाट।
- महाशाखा प्रमुखको निर्देशन बमोजिम शाखा प्रमुखबाट।

८. **निर्णय उपर उजुरी सुन्ने अधिकारी :**

➢ **का.मु.प्रदेश सचिव श्री दीर्घ बहादुर पोखरेल**

९. **आर्थिक मामिला तथा योजना मन्त्रालयबाट सम्पादन भएका मुख्य-मुख्य कार्यहरुः-**

(२०८० साल साउन देखि असोज मसान्तसम्म)

**क.कर्मचारी प्रशासन महाशाखा :**

➢ मन्त्रालयमा कार्यरत कर्मचारीहरुको वार्षिक कार्यसम्पादन मूल्याङ्कन गरिएको।

➢ लेखा समुहका कर्मचारीको सरुवा तथा काज व्यवस्थापन गरिएको।

➢ मन्त्रालयको वित्तीय जोखिम मूल्याङ्कन गरिएको।

➢ यस मन्त्रालयका माननीय मन्त्री, स्वकीय सचिवालयमा कार्यरत कर्मचारीहरु तथा यस मन्त्रालय र मातहतका कार्यालयमा करार सेवामा कार्यरत कर्मचारीहरुको सम्पत्ति विवरण सतर्कता केन्द्रको सूचना प्रणालीमा प्रविष्ट गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको ।

➢ नियमित स्टाफ वैठक सञ्चालन गरिएको।

➢ कर्मचारीहरुको विदा, हाजिरी, काज लगायत अद्यावधिक गरिएको।

➢ यस प्रदेशको लैङ्गिक उत्तरदायी बजेटको मस्यौदा तयार गरिएको ।

का.मु. प्रदेश सचिव

- यस मन्त्रालय तथा मातहतका कार्यालयहरुको प्रस्तावित सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृतिका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गरिएको ।
- कार्यविवरण बमोजिम अन्य नियमित कार्यहरु।

**ख. कानुन तथा फैसला कार्यान्वयन शाखाः**

- "कर्णाली प्रदेश पुर्वाधार विशेष कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८०" कर्णाली प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत गराउने प्रयोजनार्थ भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालयलाई सहमति प्रदान।
- "कृषि तथा सहकारी सम्बन्धी कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०" को मस्यौदा स्वीकृत गराउने प्रयोजनार्थ भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयलाई सहमति प्रदान।
- "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण कार्यविधि, २०८०" को मस्यौदा उपर कर्णाली प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत गराउने प्रयोजनार्थ समाजिक विकास मन्त्रालयलाई सहमति प्रदान।
- "मुख्यमन्त्री महिला आयआर्जन कार्यक्रम सञ्चालन नियमावली, २०८०" को मस्यौदा उपर " कर्णाली प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत गराउने प्रयोजनार्थ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई सहमति प्रदान।
- "मुख्यमन्त्री दलित आयआर्जन प्रवर्द्धन कार्यक्रम सञ्चालन नियमावली, २०८०" को मस्यौदा उपर " कर्णाली प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत गराउने प्रयोजनार्थ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई सहमति प्रदान।
- "संरक्षण विषयगत क्षेत्रको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८०" को मस्यौदा स्वीकृत गराउने प्रयोजनार्थ सामाजिक विकास मन्त्रालयलाई सहमति प्रदान।
- उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयलाई "प्रदेश पर्यटन नियमावली, २०८०" को मस्यौदा उपर कर्णाली प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत गराउने प्रयोजनार्थ सहमति प्रदान।
- उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयलाई "कर्णाली प्रदेश वन नियमावली, २०८०" को मस्यौदा उपर कर्णाली प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत गराउने प्रयोजनार्थ सहमति प्रदान।
- "कर्णाली प्रदेश कार्यालय मापदण्ड, २०८०" को मस्यौदा उपर कर्णाली प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत गराउने प्रयोजनार्थ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई सहमति प्रदान।
- "कर्णाली प्रदेश लोक मार्ग ऐन, २०८०" कर्णाली प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत गराउने प्रयोजनार्थ भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालयलाई सहमति प्रदान।

का.मु. प्रदेश सचिव

- "कर्णाली चिकित्सा शिक्षा प्रतिष्ठान सम्बन्धी विधेयक तर्जुमाको अवधारणापत्र कर्णाली प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत गराउने प्रयोजनार्थ सामाजिक विकास मन्त्रालयलाई सहमति प्रदान।
- कर्णाली प्रदेश निर्वाचन क्षेत्रगत पूर्वाधार विशेष कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८०" को मस्यौदा उपर कर्णाली प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत गराउने प्रयोजनार्थ भौतिक पूर्वाधार, पूर्वाधार तथा शहरी विकास मन्त्रालयलाई सहमति प्रदान।
- "स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८०" को मस्यौदा उपर कर्णाली प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत गराउने प्रयोजनार्थ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई सहमति प्रदान।
- आन्तरिक मामिला तथा कानून मन्त्रालयलाई देहायका कानूनी मस्यौदा उपर सहमति प्रदान।
  - कर्णाली प्रदेश विज्ञापन वितरण सम्बन्धी कार्यविधि, २०८०,
  - कर्णाली प्रदेश पत्रकारीता पुरस्कार वितरण कार्यविधि, २०८०,
  - कर्णाली प्रदेश प्रशारण (तेस्रो संशोधन) नियमावली, २०८०,
  - कर्णाली प्रदेशस्तरका केही सार्वजनिक लिखत प्रमाणिकरण नियमावली, २०८०,
  - प्रदेश आमसञ्चार व्यवस्थापन सम्बन्धमा बनाइने विधेयकको अवधारणपत्र,
  - सहिद स्मृति भत्ता वितरण निर्देशिका, २०८०,
  - विपद् साहसिक उद्दार पुरस्कार वितरण कार्यविधि, २०८०।

## ग.बजेट तथा कार्यक्रम महाशाखा

- आर्थिक वर्ष २०८०/०८१ को वार्षिक बजेट कार्यान्वयनको लागि ६२ बुँदे मार्गदर्शनसहितको खर्च गर्ने अख्तियारी तथा बजेट कार्यान्वयन तालिका विषयगत मन्त्रालयलाई पठाइएको।
- स्थानीय तहमा गरिएको वित्तीय हस्तान्तरण कार्यान्वयनका लागि मार्गदर्शन पठाइएको।
- आर्थिक वर्ष २०७९/०८० को बजेट तथा कार्यक्रमको वार्षिक मूल्याङ्कन प्रतिवेदन तयार गरी प्रकाशन गरिएको तथा प्रत्येक मन्त्रालय र स्थानीय तहमा उक्त प्रतिवेदन पठाइएको।
- सामाजिक विकास मन्त्रालय तथा अन्तर्गतका निकायहरुबाट चालु आर्थिक वर्ष २०८०/०८१ मा अनिवार्य रुपमा सञ्चालन गर्नुपर्ने तर रकम विनियोजन गर्न छुट भएका आयोजना तथा कार्यक्रमका लागि बजेट व्यवस्थाका लागि कर्णाली प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट निर्णय गराइएको।
- प्रदेशमा तर्जुमा र कार्यान्वयनमा रहेका कानून तथा बजेट तर्जुमा र कार्यान्वयनको असल अभ्यासका सन्दर्भमा गण्डकी प्रदेश, सुदूरपश्चिम प्रदेश, लुम्बिनी प्रदेशमा अन्तर प्रदेश तथा अनुभव आदान-प्रदान कार्यक्रम सम्पन्न गरिएको।
- आर्थिक मामिला तथा योजना मन्त्रालय अन्तर्गत रहेको प्रदेश लेखा नियन्त्रक कार्यालय र जिल्लास्थित लेखा इकाई कार्यालयका कार्यालय प्रमुख तथा लेखा प्रमुखहरुको उपस्थितिमा आ.व. २०७९/८० को वार्षिक समिक्षा गोष्ठी सम्पन्न गरिएको।

का.मु. प्रदेश सचिव

- कर्णाली प्रदेश सरकार (मन्त्रिपरिषद्)को मिति २०८०/०५/०८ को बैठकको निर्णय अनुसार आन्तरिक मामिला तथा कानून मन्त्रालयले अख्तियारी प्रदान गर्ने गरी गुर्भाकोट नगरपालिका, सुर्खेतलाई नेपालगञ्जमा रहेको नेपाल प्रहरी विशेष सुरक्षा गण कर्णाली प्रदेशलाई स्थानान्तरण गर्ने प्रयोजनको लागि रु. १,९१,२९,८६४/-(एक करोड एकानब्बे लाख उनान्तीस हजार आठ सय चौसठ्ठी मात्र) बजेट व्यवस्था गरिएको।
- भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय, कर्णाली प्रदेशलाई साङ्गेतडा चामुण्डा विन्द्रासैनी सडक खण्डको डौसुरदेखि चामुण्डा विन्द्रासैनी-८ भोटेचौतारा मध्ये पहाडी जोड्ने सडक स्तरोन्नतीको लागि ३ करोड ७२ लाख ५३ हजार स्रोत सुनिश्चितता प्रदान गरिएको।
- विभिन्न स्थानीय तहमा अनुगमन भ्रमण गरी प्रदेश सरकारबाट आयोजना तथा कार्यक्रम सञ्चालनका लागि हस्तान्तरण गरिएको वित्तीय हस्तान्तरण मध्ये खर्च नभएको रकम फिर्ता भए/नभएको अध्ययन गरी फिर्ता नभएको भए फिर्ता गर्न सुझाव प्रदान गरिएको।
- स्थानीय तहबाट सङ्कलित दहत्तर बहत्तर शुल्क, मनोरञ्जन कर, विज्ञापन कर उठाएको/नउठाएको विषयमा अध्ययन गरी उठाएको भए प्रदेशले पाउने हिस्सा प्रदेश सञ्चित कोषमा जम्मा गरे/नगरेको विषयमा स्थानीय तहसँग समन्वय गरी जम्मा नभएको भए जम्मा गर्न अनुरोध गरिएको।
- प्रदेश स्थित विभिन्न मन्त्रालयहरुबाट माग भएको बजेटसँग सम्बन्धित विषयमा राय/सहमति प्रदान गरिएको।

## १०. सूचना अधिकारीको विवरण :

नामः ज्ञानुलक्ष्मी चौलागाई

पदः शाखा अधिकृत

शाखाः कर्मचारी प्रशासन शाखा

सम्पर्क नंः ९८५८०२२५४१

## ११. सूचना माग सम्बन्धी कार्यालयमा प्राप्त निवेदन :

(२०८० साउन देखि असोज मसान्तसम्म लिखित निवेदन प्राप्त भएकोमा निशुल्क रुपमा सूचना प्रदान गरिएको)

का.मु. प्रदेश सचिव

कर्णाली प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत

१२. मन्त्रालयसँग सम्बन्धित ऐन, नियम, कार्यविधि, निर्देशिकाको विवरण :

(२०८० सालमा तर्जुमा भएका)

| क्र.सं. | मन्त्रालयबाट उठान भएका ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्ड |
|---|---|
| १ | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक, २०८० तर्जुमा |
| २ | लैङ्गिक उत्तरदायी बजेट तर्जुमा निर्देशिका, २०८० को मस्यौदा तयार |

१३. यस मन्त्रालयबाट भएका प्रकाशनहरुः

वार्षिक मूल्याङ्कन प्रतिवेदन, २०८० प्रकाशन

१४. मन्त्रालयको वेवसाइट तथा ई-मेलः

वेवसाइटः moeap.karnali.gov.np

Email : moeap6@gmail.com

मन्त्रालयसँग सम्बन्धित ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्ड मन्त्रालयको वेवसाइटमा निरन्तर प्रकाशन गर्ने गरिएको छ।

का.मु. प्रदेश सचिव

कर्णाली प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय वीरेन्द्रनगर, सुर्खेत

## १५.आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अध्यावधिक विवरण

क.आ.व. २०८०/८१ को कर्णाली प्रदेश सरकारको असोज मसान्तसम्मको राजस्व प्राप्तिको विवरणः

| सि.नं. | राजश्व शिर्षक | भाद्र सम्मको | असोज मसान्तसम्मको | जम्मा |
|---|---|---|---|---|
| १ | ११३१५-बाँडफाँडबाट प्राप्त हुने घरजग्गा रजिष्टेशन दस्तुर | ४१८९३५५ | ० | ४१८९३५५ |
| २ | ११४११-मूल्य अभिवृद्धि कर | ० | ८११३०९७६३.२ | ८११३०९७६३.२ |
| ३ | ११४२१-बाँडफाँडभई प्राप्त हुने अन्त शुल्क | ० | २६१८६५६४९.९ | २६१८६५६४९.९ |
| ४ | ११४५२-बस्तुको उपयोग तथा उपयोगको अनुमतिमा लाग्ने अन्य कर | ० | २९८४१ | २९८४१ |
| ५ | ११६११-व्यवसायले भुक्तानी गर्ने | २३२६५० | १६३६८० | ३९६३३० |
| ६ | १४१५१-सरकारीसम्पत्तीको वहालबाट प्राप्त आय | ५७०० | १४०७१८ | १४६४१८ |
| ७ | १४१५७-बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | १६००१८९ | ४३४०००० | ५९४०१८९ |
| ८ | १४१५९-अन्यस्रोतबाट प्राप्त बाँडफाँड नहुने रोयल्टी | २६५६४ | ० | २६५६४ |
| ९ | १४१९१-पर्यटन शुल्क | २८२०० | २५१०० | ५३३०० |
| १० | १४२११-कृषिउत्पादनको विक्रीबाट प्राप्त रकम | १३३५३ | ६९२१० | ८२५६३ |
| ११ | १४२१२-सरकारीसम्पतीको विक्रीबाट प्राप्त रकम | ५५०० | १२०५०० | १२६००० |
| १२ | १४२१३-अन्यविक्रीबाट प्राप्त रकम | १३३२० | ० | १३३२० |
| १३ | १४२२३-शिक्षाक्षेत्रको आम्दानी | ९६६०५ | २०१९५ | ११६८०० |
| १४ | १४२२४-परीक्षाशुल्क | ५०१३१०१ | ३१०० | ५०१६२०१ |
| १५ | १४२२५-यातायातक्षेत्रको आम्दानी | १२७८८७० | ६५८४०५ | १९३७२७५ |
| १६ | १४२२९-अन्यप्रशासनिक सेवा शुल्क | २८४५२६७ | १५९९६५५ | ४४४४९२२ |
| १७ | १४२५३-व्यावसाय रजिष्ट्रेशन दस्तुर | ३०६४६१० | १३९९८५० | ४४६४४६० |
| १८ | १४२५४-रेडियो/ एफ.एम.सञ्चालन दस्तुर | ६९००० | ० | ६९००० |
| १९ | १४२५५-टेलिभिजन सञ्चालन दस्तुर | ११०००० | ० | ११०००० |
| २० | १४२५६-चालक अनुमति पत्र, सवारी दर्ता किताब (ब्तलङ्ग खद्वद्वण) सम्बन्धी दस्तुर | ११३५५३४० | ६२०८५९० | १७५६३९३० |
| २१ | १४२६४-वन क्षेत्रको अन्य आय | २५०९९५०.७ | २१४४१७३.७ | ४६५४१२४.३५ |
| २२ | १४३११-न्यायिकदण्ड,जरिवाना र जफत | ० | ५००० | ५००० |
| २३ | १४३१२-प्रशासनिकदण्ड,जरिवाना र जफत | १२८९९१२५ | ४७९४१४३ | १७६९३२६८ |



का.मु. प्रदेश सचिव

कर्णाली प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत

| | | | | |
|---|---|---|---|---|
| २४ | १४५२९-अन्यराजस्व | ४०९०० | १२२०० | ५३१०० |
| २५ | १५१११-बेरूजू | ५१४९३५२.५ | १३३९६३९६.१२ | १८५४५७४८.५९ |
| २६ | १५११२-निकासा फिर्ता | २७४४९४८० | १०१७८७४२ | ३७६२८२२२.४९ |
| २७ | १५११३-अनुदान फिर्ता | ८५५११९८२ | १४४४५०२८.११ | ९९९५७०१०.०८ |
| २८ | ३३३४१-सवारीसाधन कर | ३४७६७५६२ | २२६३४०२९ | ५७४०१५९१ |
| २९ | ३३३६१-वन क्षेत्रको रोयल्टी | ६३८८५५१ | ४४७५९३२ | १०८६४४८३ |
| | जम्मा | | | १३६४७०४४२८.५३ |

का.मु. प्रदेश सचिव

ख. समग्र प्रदेशको बजेट विनियोजन तथा खर्च विवरणः

| प्रदेश सरकार | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| अनुदान संकेत अनुसार खुद बजेट र खर्च | | | | | | | | | | | | |
| आर्थिक वर्ष २०८०/८१ | | | | | | (महिना देखि : श्रावण महिना सम्म : असोज) | | | (रु.हजारमा) | | | |
| क्र.स. | अनुदान संख्या | मन्त्रालय/निकाय | बजेट | | | खर्च | | | खर्च प्रतिशत | | | |
| | | | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | |
| १ | २०२ | प्रदेश व्यवस्थापिका | १३९२६८ | ११६५० | १५०९१८ | २५८८८ | ० | २५८८८ | १८.५९ | ० | १७.१५ | |
| २ | २१० | प्रदेश लोक सेवा आयोग | ९९०९५ | १०९०० | १०९९९५ | १२५६१ | १८८९ | १४४५० | १२.६८ | १७.३३ | १३.१४ | |
| ३ | २१६ | मुख्य न्यायाधिवक्ताको कार्यालय | १७१७९ | ४५० | १७६२९ | ३२८६ | ८६ | ३३७२ | १९.१३ | १९.११ | १९.१३ | |
| ४ | ३०१ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ५७३८२३ | १३००४८२ | १८७४३०५ | ३४१२२ | ६९३ | ३४८१५ | ५.९५ | ०.०५ | १.८६ | |
| ५ | ३०५ | आर्थिक मामिला तथा योजना मन्त्रालय | १७३२९० | १९४५० | १९२७४० | २९६८२ | १२९३ | ३०९७५ | १७.१३ | ६.६५ | १६.०७ | |
| ६ | ३०७ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | ९४६३२९ | ११९४९४४ | २१४१२७३ | १३७३४५ | ३६१३७ | १७३४८२ | १४.५१ | ३.०२ | ८.१ | |
| ७ | ३०८ | जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय | २७२५८८ | ३२६७१५० | ३५३९७३८ | ४४१०२ | ६९१०३ | ११३२०५ | १६.१८ | २.१२ | ३.२ | |
| ८ | ३१२ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | १५१२०९० | ६००६१५ | २११२७०५ | १०४२२३ | ५२८७ | १०९५१० | ६.८९ | ०.८८ | ५.१८ | |
| ९ | ३१४ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | २९७५२१ | ९०६२९ | ३८८१५० | ७०१० | ० | ७०१० | २.३६ | ० | १.८१ | |
| १० | ३३७ | भौतिक पूर्वाधार विकास मन्त्रालय | २७८७१८ | ९८३५५४३ | १०११४२६१ | ५०११८ | २८५८८५ | ३३६००२ | १७.९८ | २.९१ | ३.३२ | |
| ११ | ३५० | सामाजिक विकास | ३१७७१२६ | २७६३५५९ | ५९४०६८५ | ४१८८६५ | २४३३३५ | ६६२२०१ | १३.१८ | ८.८१ | ११.१५ | |



का.नु. प्रदेश सचिव

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | मन्त्रालय | | | | | | | | | |
| १२ | ३९१ | कर्णाली प्रदेश योजना आयोग | ३९९९७ | १००० | ४०९९७ | ३८९२ | ० | ३८९२ | ९.७३ | ० | ९.४९ |
| १३ | ५०१ | अर्थ - वित्तीय व्यवस्था | २५०००० | ० | २५०००० | ० | ० | ० | ० | | ० |
| १४ | ६०२ | अर्थ - विविध | १२२५००० | ४८०८७१ | १७०५८७१ | ० | ० | ० | ० | ० | ० |
| १५ | ८०१ | स्थानीय तह | ४८००४४० | ० | ४८००४४० | १९१८४० | ० | १९१८४० | ४ | | ४ |
| **कुल जम्मा** | | | **१३८०२४६४** | **१९५७७२४३** | **३३३७९७०७** | **१०६२९३४** | **६४३७०८** | **१७०६६४२** | **७.७** | **३.२९** | **५.११** |

का.मु. प्रदेश सचिव

## १६. मन्त्रालयको वार्षिक बजेट र खर्चको विवरण

आर्थिक मामिला तथा योजना मन्त्रालय, कर्णाली प्रदेशको आर्थिक वर्ष २०८०/८१ को साउन महिना देखि असोज मसान्तसम्मको खर्चको विवरण निम्नानुसार रहेको छ ।

रकम रु. हजारमा

| क्र.सं. | बजेटको किसिम | विनियोजन | खर्च | खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १. | चालु | १७३२९० | २९६८२ | १७.१३ | |
| २. | पुँजिगत | १९४५० | १२९३ | ६.६५ | |
| जम्मा | | १९२७४० | ३०९७५ | १६.०७ | |

## १७. यस मन्त्रालयको २०८० साउन देखि असोज मसान्त सम्मको खर्चको फाँटवारी

प्रदेश सरकार,कर्णाली प्रदेश
आर्थिक मामिला तथा योजना मन्त्रालय
आर्थिक मामिला तथा योजना मन्त्रालय
आर्थिक मामिला तथा योजना मन्त्रालय
कार्यालय कोड नं : ३०५००६८०१६

म.ले.प. फाराम नं:२१०

**खर्चको फाँटवारी**

**बजेट उपशीर्षक नम्बर:** ३०५०००११४
**आयोजना/कार्यक्रम नाम:** आर्थिक मामिला तथा योजना मन्त्रालय

**आर्थिक वर्ष:** २०८०/८१
**महिना:** असोज

| खर्च/वित्तीय संकेत नम्बर / नाम | प्राथमिक तह: स्रोत व्यहोर्ने निकाय | प्राथमिक तह: भुक्तानी विधि | द्वितीय तह: स्रोत व्यहोर्ने निकाय | द्वितीय तह: भुक्तानी विधि | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेस्की | पेस्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **31122 मेसिनरी तथा औजार** | | | | | **३,७००,०००.००** | **१३८०३३.००** | **९६,०३३.००** | **४२,०००.००** | **१३८०३३.००** | **०.००** | **१३८०३३.००** | **३,५६१,९६७.००** |
| | ११०००१-नेपाल सरकार | ०१-नगद | ११०००१-नेपाल सरकार | ०१-नगद | ३,७००,०००.०० | १३८,०३३.०० | ९६,०३३.०० | ४२,०००.०० | १३८,०३३.०० | ०.०० | १३८,०३३.०० | ३,५६१,९६७.०० |
| **31123 फर्निचर तथा फिक्चर्स** | | | | | **१,९५०,०००.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **१,९५०,०००.००** |
| | ११०००१-नेपाल सरकार | ०१-नगद | ११०००१-नेपाल सरकार | ०१-नगद | १,९५०,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १,९५०,०००.०० |
| **31150 अन्य सार्वजनिक निर्माण** | | | | | **२,५००,०००.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **०.००** | **२,५००,०००.००** |
| | ११०००१-नेपाल सरकार | ०१-नगद | ११०००१-नेपाल सरकार | ०१-नगद | २,५००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | २,५००,०००.०० |
| **जम्मा** | | | | | **८,१५०,०००.००** | **१३८०३३.००** | **९६,०३३.००** | **४२,०००.००** | **१३८०३३.००** | **०.००** | **१३८०३३.००** | **८,०११,९६७.००** |

स्रोतगत जम्मा

| स्रोत | भुक्तानी विधि | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेस्की | पेस्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|
| **११०००१-नेपाल सरकार** | | **०.००** | **१३८०३३.००** | **९६,०३३.००** | **०.००** | **९६,०३३.००** | **०.००** | **९६,०३३.००** | **-९६,०३३.००** |
| | ०१-नगद | ०.०० | १३८,०३३.०० | ९६,०३३.०० | ०.०० | ९६,०३३.०० | ०.०० | ९६,०३३.०० | -९६,०३३.०० |
| **जम्मा** | | **०.००** | **१३८०३३.००** | **९६,०३३.००** | **०.००** | **९६,०३३.००** | **०.००** | **९६,०३३.००** | **-९६,०३३.००** |

का.मु. प्रदेश सचिव

